# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ अंक ३२३ काठमाडौं शुक्रबार, १० चैत २०७९ Prabhab National Daily Friday, March 24, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


प्रहरीमा दौड

## को बन्दै छ आइजिपी ?



मन्त्रिपरिषद्को सोमबारको निर्णयले प्रहरी नायब महानिरीक्षकबाट एआइजीमा पदोन्नति भएका वसन्तबहादुर कुँवर, टेकप्रसाद राई, दीपक थापा, श्यामलाल ज्ञवाली र किरण बज्राचार्य आइजिपी बन्ने दौडमा छन् ।

■ नारायण ढुंगाना

**काठमाडौं–** नेपाल सरकारको निर्णयानुसार प्रहरी नायब महानिरीक्षक (डिआइजी)बाट प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) पदमा पदोन्नति भई बुधबार दर्ज्यानी चिह्न प्राप्त गरेको तीन दिनमै पाँचमध्ये एक जना प्रहरीको सर्वोच्च पद (प्रहरी महानिरीक्षक) बन्ने छन् ।

मन्त्रिपरिषद्को सोमबारको निर्णयले प्रहरी नायब महानिरीक्षकबाट वसन्तबहादुर कुँवर, टेकप्रसाद राई, दीपक थापा, श्यामलाल ज्ञवाली र किरण बज्राचार्य एआइजीमा पदोन्नति भएका थिए । हालका प्रहरी महानिरीक्षक धीरजप्रताप सिंह यही चैत १० गते राति १२ बजेदेखि ३० वर्षे प्रहरी सेवाको उमेरहदका कारण अनिवार्य अवकाशमा जाँदै छन् । त्यसपछि रिक्त हुने आइजिपी पदमा हाल पदोन्नति भएका एआइजीबाटै बढुवा गर्नुपर्ने भएकाले अबको दुई दिनपछि नै पाँच एआइजीमध्ये एक जनाले महानिरीक्षकको फुली लगाउन पाउने महत्त्वपूर्ण अवसर प्राप्त गर्दै छन् ।

काम गर्नसक्ने सक्षम, संगठनलाई कमाण्ड गर्नसक्ने, नेतृत्व दिनसक्ने लगायतलाई आधार मानेर नेपाल सरकारले आइजिपी बनाउनसक्ने विद्यमान अवस्था रहेको पूर्वप्रहरी अधिकारी बताउँछन् ।

'मापदण्ड हेर्दा व्याख्याअनुसार जसलाई बनाए पनि हुनेजस्तो देखिन्छ,' पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक पुष्कर कार्कीले भने, 'सरकारले राम्रै र सक्षम व्यक्तिलाई ल्याउँछ, यो नियमित प्रक्रिया हो जस्तो लाग्छ मलाई ।' पछिल्लो समयमा गृह मन्त्रालयले सरुवा बढुवामा मापदण्ड नै बनाएर लागू गरेको छ ।

सरकारले उपयुक्त व्यक्ति हो भन्ने व्याख्याका आधारमा गरेर पाँचमध्ये एकलाई आइजिपी बनाउनसक्ने देखिएको प्रहरी अधिकृतहरू बताउँछन् । सरकारले सिंहलाई गएको वैशाख १८ गते महानिरीक्षक पदमा पदोन्नति गरेको थियो ।

प्रहरी नियमावली २०७१ को दफा ४१ मा ज्येष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व बहन गर्न सक्ने, नेतृत्व दिनसक्ने र आफू मुनिकालाई प्रोत्साहन गर्नसक्ने व्यक्तिलाई आइजिपी बनाउनसक्ने उल्लेख छ ।

यही चैत १० मा प्रहरी महानिरीक्षक (आइजिपी) धीरजप्रताप सिंह अवकाश हुँदा उनीसँगै तीन एआइजी पनि अनिवार्य अवकाशमा जाँदै छन् । सिंहकै ब्याची एआइजी सहकुलबहादुर थापा, उत्तमराज सुवेदी र दिवेश लोहनी अवकाशमा जाने छन् । हाल बढुवा भएका एआइजीमध्ये एक जना महानिरीक्षकमा पदोन्नति भएपछि १० गते रातिपछि त्यो पदसहित गरेर चार एआइजीको पद पुनःरिक्त हुन्छ ।

हालका महानिरीक्षक सिंहको अवकाशपछि रिक्त हुने चार एआइजीमा डिआइजी सन्दीप भण्डारी, सुदीप गिरी, टेक तामाङ, उमेशराज जोशी, मीरा चौधरी, रामदत्त जोशी, भीमप्रसाद ढकाल, दुर्गा सिंह, पोषराज पोखरेल र किरण राणाबीच प्रतिस्पर्धा हुने केन्द्रीय प्रवक्तासमेत रहेका प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले जानकारी दिए ।

चैत ११ पछि बढुवा हुने महानिरीक्षकको कार्यावधि संशोधनका लागि प्रक्रियामा रहेको ३० वर्षे उमेर हद नहटाइएको खण्डमा वि.सं. २०८१ चैतसम्मको रहनेछ । यसअघि महानिरीक्षकको बढुवामा राजनीतिक हस्तक्षेप भएको भनेर चर्को आलोचनासमेत हुने गरेको थियो । पूर्वप्रहरी अधिकारी भने अब त्यसबाट मुक्त हुन जरुरी रहेको बताउँछन् । गृह मन्त्रालय स्रोतका अनुसार आउँदो मन्त्रिपरिषद्को बैठकले सोमबार पदोन्नति भएका एआइजीमध्येबाट एक जनालाई प्रहरी महानिरीक्षकमा पदोन्नतिको (**बाँकी पृष्ठ ३ मा**)

## राहदानी बनाउन हटेन सास्ती

- बिचौलियाविना राहदानी बनाउन कठिन
- पाँचदेखि १० हजार रुपैयाँ कमिसन दिए सहजै बन्छ पासपोर्ट




■ प्रभाव संवाददाता

**काठमाडौं–** रोजगारीको अभावले घरपरिवार पाल्न मुस्किल परेपछि लाखौं युवा वैदेशिक रोजगारीमा जाने गरेका छन् । सरकारले स्वदेशमै रोजगारीको अवसर दिन नसकेपछि युवाहरू विदेशिन बाध्य भएका हुन् । तर, विदेश पुगेर काम गर्न र पैसा कमाएर घरमा पठाउन जति कठिन छ, त्यत्ति नै कठिन यहाँ राहदानी (पासपोर्ट) बनाउन छ ।

सरकारले राहदानी बनाउनका लागि सहज बनाउने सञ्चारमाध्यममा जति हल्ला पिटाए पनि नागरिकले बेहोनुपर्ने सास्ती आजसम्म हटेको छैन । नयाँ राहदानी बनाउन होस् वा म्याद सकिएको, हराएको वा अरु कारणले पुनः राहदानी लिनका लागि सेवाग्राहीले निकै सकस बेहोर्नुपरिरहेको छ, जुन त्रिपुरेश्वरस्थित राहदानी विभागमा पुग्दा प्रस्ट देखिन्छ ।

नागरिकलाई राहदानीका लागि आवेदन फाराम भर्न विभागले अनलाइनमार्फत व्यवस्था गरेको छ । अनलाइनमार्फत राहदानी फाराम भर्न र पासपोर्ट बनाउन एकाध व्यक्ति, पहुँच भएका व्यक्तिबाहेक सर्वसाधारणले बाहिर हल्ला गरेजस्तो सहज छैन । त्यसैले बिचौलियाको सहयोगमा उक्त कार्य गर्नुपर्ने बाध्यता रहेको छ ।

बिचौलियाविना नै राहदानी बनाउनु भनेको 'ढुंगाको पहाड फोर्नु' जत्तिकै भएको सर्वसाधारण सेवाग्राही बताउँछन् । वास्तविकता पनि त्यही नै छ । तर, बिचौलिया लगाउने हो भने सजिलै राहदानी बनाउन सकिन्छ । त्यसका लागि प्रतिराहदानी पाँचदेखि १० हजार रूपैयाँसम्म रकम बिचौलियालाई बुझाउनुपर्छ ।

आम नागरिकले राहदानीका लागि अनलाइन फाराम भर्न खोज्दा राहदानी विभागको सर्भरले काम गर्दैन । तर, बिचौलिया लगाउने हो भने तुरुन्तै सर्भरले काम गर्छ भन्ने सुन्दा अचम्म लागे पनि व्यवहारमा त्यही पाइएको छ । प्रभाव दैनिकले गरेको एक अनुसन्धानबाट सो यस्तो देखिएको हो । बिचौलिया लगाउन सके सजिलै राहदानी बनाउनसक्ने तथ्य फेला पारेको छ ।

विभागमा बिचौलियाहरूको बिगबिगी छ । कोही व्यक्ति राहदानी विभागको छेउछाउ उभियो भने त्यहाँ बिचौलियाले कानमा खुसुक्क पासपोर्ट बनाउने हो ? भन्दै सोध्छन् । यदि हो भन्यो भने अलि पर बागमती खोलातिर लिएर जान्छन् र बार्गेनिङ सुरु हुन्छ । तत्काल राहदानी लिनका लागि सरकारी दस्तुर १२ हजार रूपैयाँ अनि बिचौलियादेखि महानिर्देशकसम्मका लागि थप १० हजार रूपैयाँ प्रतिपासपोर्ट मागिन्छ । बार्गेनिङ गर्दै जाँदा पाँच हजार रूपैयाँमा कुरा टुंगिन्छ, पासपोर्टको कमिसन ।

बिचौलियालाई रकम दिनेबित्तिकै उनले अनलाइन फाराम भर्नेदेखि सम्पूर्ण प्रक्रिया पूरा गरेर तीन दिनभित्र राहदानी प्राप्त गर्न सकिन्छ । (**बाँकी पृष्ठ ३ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

## आठ महिनामा ४१ करोडभन्दा बढी आर्थिक सहायता

■ प्रभाव संवाददाता




**काठमाडौं–** सरकारले चालु आर्थिक वर्षको आठ महिनामा वैदेशिक रोजगारीको क्रममा मृत्यु हुने नेपाली श्रमिकका परिवारलाई ४१ करोड रूपैयाँभन्दा बढी आर्थिक सहायता उपलब्ध गराएको छ । वैदेशिक रोजगार बोर्डको सचिवालयले चालु आवको फागुन मसान्तसम्मको विवरण सार्वजनिक गर्दै विदेशमा ज्यान गुमाएका ७८९ नेपालीको परिवारलाई ४१ करोड एक लाख ८० हजार रूपैयाँ सहायता रकम उपलब्ध गराइएको जानकारी दिएको हो । तथ्यांकअनुसार ज्यान गुमाउनेहरूमध्ये २८ जना महिला रहेका छन् ।

त्यस्तै अंगभंग तथा गम्भीर बिरामी भएका छ महिलासहित १६६ जना श्रमिकलाई पाँच करोड ९३ लाख १३ हजार रूपैयाँ आर्थिक सहायता उपलब्ध गराइएको छ । साथै, २६ जना श्रमिकका परिवारलाई औषधोपचार खर्चबापत १२ लाख ८० हजार रूपैयाँ वितरण गरिएको बोर्डले उल्लेख गरेको छ ।

विभिन्न कारणले विदेशमा अलपत्र परी समस्या भोगिरहेका १२१ श्रमिकको उद्धारका लागि गन्तव्य मुलुक हेर्ने नेपाली नियोगसँग समन्वय गर्दा १७ लाख २७ हजार ६०० रूपैयाँ खर्च भएको जनाइएको छ । यस्तै २१२ जना मृतकको शव झिकाउन सम्बन्धित नियोगसँग समन्वय गर्दा एक करोड ५४ लाख २० हजार ६०० रूपैयाँ खर्च भएको बोर्ड सचिवालयले जनाएको छ । यस अवधिमा ३३० मृतकको शव घर ठेगाना सम्म ढुवानी गर्दा एक करोड ९० लाख १३ हजार ९०० रूपैयाँ खर्च भएको र ३७० जना महिलालाई अभिमुखीकरण तालिमबापत शोधभर्ना रकम दुई लाख ५९ हजार रूपैयाँ वितरण गरिएको बोर्ड सचिवालयको तथ्यांकले देखाएको छ । समग्रमा उल्लिखित शीर्षकअन्तर्गत आठ महिनामा बोर्डले करिब ५० करोड ७२ लाख रूपैयाँ खर्च गरेको देखिएको छ ।

सरकारले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरू गम्भीर बिरामी परे, दुर्घटनामा परी अंगभंग भए वा मृत्यु भएमा आर्थिक सहायता उपलब्ध गराउँदै आएको छ । मृत्यु हुने श्रमिकका परिवारले सात लाख रूपैयाँ आर्थिक सहायता पाउनसक्ने व्यवस्था गरिएको छ भने बिरामी तथा अंगभंग भएका श्रमिकले अधिकतम अवस्था मूल्यांकन गरी अधिकतम सात लाख रूपैयाँसम्म पाउने छन् । वैदेशिक रोजगारीको क्रममा मृत्यु, अंगभंग वा बिरामी भएर स्वदेश फर्किएका श्रमिक तथा उनीहरूका परिवारलाई दिइने आर्थिक सहायता रकम बढाउने तयारी भइरहेको बोर्डका निर्देशक एवं सूचना अधिकारी राजन पौडेलले जानकारी दिए । अहिले प्रदान गरिरहेको रकम समय सापेक्ष नभएको भन्दै यसलाई वृद्धि गर्न आवश्यक गृहकार्य गरिरहेको उनको भनाइ छ । 'कति रकम बढाउने र कहिलेदेखि लागू गर्ने भन्नेबारे निर्णय भइसकेको छैन,' उनले भने, 'तर अहिले भएको व्यवस्था संशोधन तथा आवश्यक कानुनी प्रक्रिया पूरा गरी बोर्डले छिट्टै निर्णय गर्नेछ ।'

यतिमात्र नभई बोर्डले थप सुधारका प्रयाससमेत गरिरहेको जनाएको छ । बोर्डखले कल्याणकारी कार्यलाई विद्युतीय प्रणालीमा आधारित बनाइएको र पूर्णतः अनलाईन प्रणालीमा लैजान प्रयासरत रहेको बताएको छ । त्यसैगरी वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूलाई पुनएकीकरण कार्यक्रम सञ्चालन गर्न १५६ स्थानीय तहसंग प्रस्ताव आब्हान गरिएकोमा ८२ वटाले प्रस्ताब पेश गरिसकेको र सोही अनुरूप कार्यक्रम सञ्चालनको तयारी गरिरहेको छ । वैदेशिक रोजगारबाट फर्किएका नेपाली नागरिकको तथ्यांक अभिलेखीकरण, सूचना प्रवाह तथा शव व्यवस्थापनको लागि त्रिभुवन अन्तर ाष्ट्रिय विमास्थल र भैरहवा विमानस्थलमा आवश्यक जनशक्ति परिचालन गरिएको पनि उल्लेख छ ।

त्यस्तै रोजगारीका लागि विदेश जाने तयारी गरिरहेका श्रमिकहरूलाई लक्षित गर्दै राहदानी बिभाग परिसरभित्र वैदेशिक रोजगार सहायता तथा सूचना कक्ष सञ्चालनमा ल्याइएको पौडेलले जानकारी दिए । उनका अनुसार हाल वैदेशिक रोजगारीमा रहेका श्रमिकका लागि बोर्डले आगामी शुक्रबारदेखि 'टेलिमेडिसिन' सेवा सञ्चालन गर्दै छ । हप्ताको दुई दिन शुक्रबार र आइतबार 'टेलिमेडिसिन' सेवा सञ्चालन गर्न बोर्डले वीर अस्पतालसँग सम्झौता गरेको बताइएको छ । विदेशमा रोजगारी गरिरहेका श्रमिकहरूमा देखिएको विभिन्न स्वास्थ्य समस्या निदानका लागि नेपालबाटै चिकित्सकीय परामर्श दिन लागिएको पौडेलले बताए । श्रमिकले कम्तीमा जनरल फिजिसियन, मनोसामाजिक परामर्शकर्ता वा मनोचिकित्सकहरू टेलिमेडिसिन सेवा प्राप्त गर्न सक्ने उनको भनाइ छ ।




# काठमाडौं प्लाजा सर्दै महानगर



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिका काठमाडौं प्लाजामा सर्ने भएको छ। सबै सेवा एकै ठाउँबाट उपलब्ध गराउने उद्देश्यअनुसार महानगर काठमाडौं प्लाजामा सर्न लागेको हो।

नेपाल ट्रस्टको स्वामित्वमा रहेको काठमाडौं प्लाजामा सर्नका लागि महानगर र ट्रस्टबीच बुधबार सहमति भएको छ। सहमति पत्रमा महानगरका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारी र ट्रस्टका सहसचिव विष्णुप्रसाद ढकालले हस्ताक्षर गरे।

महानगरले मिसिल शाखा, सहकारी विभाग, जिल्ला समन्वय समितिमा रहेका विभाग काठमाडौं प्लाजामा सार्ने तयारी गरेको सूचना अधिकारी वसन्त आचार्यले जानकारी दिए। महानगरअन्तर्गतका १६ वटा विभागले अहिले फरक-फरक स्थानबाट सेवा प्रदान गर्दै आएको छ।

सम्झौताबमोजिम झ्याल, ढोका र लिफ्टसहित बिग्रिएका र भत्किएका संरचना बहाल रकमबाट कटाउने गरी महानगरले मर्मत गर्नेछ। प्रत्येक पाँच वर्षमा १० प्रतिशतले बहाल वृद्धि गर्ने गरी १० वर्षका लागि सम्झौता भएको छ।

पाँच रोपनी दुई पैसा क्षेत्रफलमा निर्माण भएको उक्त सात तले भवनको तल्लो तलामा ७० वटा चारपांग्रे र दुई सय दुई पांग्रे सवारीसाधन पार्किङ गर्न मिल्छ। सूचना अधिकारी आचार्यका अनुसार २०७२ सालको भूकम्पअघि महानगरको सेवा बागदरबारबाट प्रवाह भइरहेको थियो। भूकम्पका कारण भवन जीर्ण भएपछि केही समयका लागि राष्ट्रियसभा गृहबाट सेवा सञ्चालन गरिएको थियो। हाल सुन्धारामा रहेको जेडिए कम्प्लेक्सबाट सेवा सञ्चालन भइरहेको छ।

कम्प्लेक्समा प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतको सचिवालय, वित्त, प्रशासन, कानुन तथा मानव अधिकार, आन्तरिक लेखापरीक्षण एकाइ, खरिद एकाइ छन्। साविक बागदरबारमा महानगर प्रहरी बल, इजलास, कानुनसम्बन्धी सेवा, ट्राफिक व्यवस्थापन विज्ञको कार्यकक्ष, योजना अनुगमन तथा मूल्यांकन एकाइ छन्। टेकुमा उद्यान तथा हरियाली प्रवर्द्धन आयोजना, वातावरण व्यवस्थापन विभाग र जग्गा एकीकरण आयोजनाका कार्यालय र मिसिल शाखा छन्। कृषि तथा पशुपक्षी विभाग र शिक्षा विभाग ताहाचलमा छ।

राजस्व, सार्वजनिक निर्माण र सहरी व्यवस्थापन विभाग बबरमहलमा छन्। सहकारी विभाग बिजुली बजारमा छ। सहरी योजना आयोगको कार्यालय थापाथलीमा छ। जिल्ला समन्वय समितिको कार्यालय बबरमहलमा स्वास्थ्य, सम्पदा तथा पर्यटन, विपद व्यवस्थापन, सामाजिक विकास विभाग, सार्वजनिक निजी साझेदारी एकाइलगायत कार्यालय छन्।

हनुमान ढोका दरबार संरक्षण कार्यालय वसन्तपुरमा छ। राष्ट्रियसभा गृह परिसरमा सूचना प्रविधि विभाग र जिन्सी शाखालगायत संरचना छन्।

# 'जलवायु परिवर्तनसँग जुध्न प्रभावकारी कदम चाल्नुपर्छ'

**काठमाडौं–** वातावरणीय प्रभावका असर नेपालमा द्रुतगतिमा देखिन थालेको भन्दै विज्ञहरूले सरकार र निजी क्षेत्रले यसको नियन्त्रणमा हातेमालो गरेर अघि बढ्नुपर्नेमा जोड दिएका छन्।

प्रतिनिधिसभा सदस्य डा. आरजु राणा देउवाको सचिवालयले बिहीबार यहाँ आयोजना गरेको ' जलवायु परिवर्तन : प्रभाव र विश्वव्यापी प्रतिक्रियाहरू' सम्बन्धी अन्तरक्रियाका वक्ताहरूले वातावरण प्रभावको रोकथाममा चनाखो हुनुपर्ने समय आएको बताएकी हुन्।

नेपाली कांग्रेसकी केन्द्रीय सदस्य एवं सांसद डा. देउवाले जलवायु परिवर्तनको मुद्दा तत्काल सम्बोधन गर्नुपर्ने बताउँदै त्यसका लागि सो मुद्दा अन्तर ाष्ट्रिय समुदायसमक्ष उठाउनुपर्ने बताइन्। उनले जलवायु परिवर्तनमा नेपालको विधिहरू वातावरणमैत्री नै भए पनि अझै धेरै काम भने गर्न बाँकी रहेको उल्लेख गरिन्।

'हामी जलविद्युत्मा उदाहरणीय छौं, जलवायु परिवर्तनका बारेमा सार्वजनिक सचेतना फैलाउने काम हामीले तत्काल सुरु गर्नुपर्नेछ। यसका लागि राजनीतिक दल, सञ्चार माध्यामलगायत सबैले हातेमालो गरेर अघि बढ्नुपर्छ,' उनले भनिन्।

वातावरणविद् डा.माधव कार्कीले जलवायु परिवर्तनको पछिल्लो रिपोर्टले धेरै सचेत हुनुपर्ने सन्देश दिएको बताए। 'पेरिस सम्झौताले अनुमान गरेकोभन्दा धेरै छिटो विश्वको तापक्रम बढेको छ। यसले धेरै ठूलो असर गर्न सक्ने अनुमान वैज्ञानिकहरूले गरेका छन्,' वातावरणविद् कार्कीले भने, 'हिमालयको परिवर्तन बढ्दै गएको छ, यसले हाम्रा हिमनदीहरू सुक्दै जाने र जलविद्युत् परियोजनामा पनि असर पुग्न सक्छ।' उनले सरकार र निजी क्षेत्रको साझेदारीमा वातावरणीय प्रभावका रणनीति र कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिए।

रुडुक नेपालका राष्ट्रिय निर्देशक डा. कृष्णकुमार श्रेष्ठले नेपालमा वातावरणका जोखिमका विषयमा धारणा व्यक्त गर्दै अनियमित पानी पर्ने, दिउँसोको तापमान बढ्दो र रातिको तापमान घट्दो रहेको अवस्थामा यसले कृषि उत्पादनमा असर परेको उल्लेख गरे। डेनमार्कका पूर्वउपसभामुख रासमस हेल्भेग पिटर्सनले डेनमार्कले वातावरण प्रदूषण र कार्बन घटाउन धेरै विधिहरू लागू गरेको बताउँदै वातावरणीय प्रभावका चुनौतीहरू सामना गर्न हाम्रा व्यवहार र विधि परिवर्तन गर्नुपर्ने उल्लेख गरे।

कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना' ले ठूला मुलुकले उत्सर्जन गर्ने कार्बनले नेपालजस्ता साना मुलुकले बढी समस्या भोग्नुपरेको बताइन्। *रासस*

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गारिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०९/१८ मा दर्ता भएको **प्रा.लि. नं. २८१०४५** को **एस.एम.पी. ईन्जिनियरिङ एसोसियट्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गारिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गारिएको छ।

---

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०४/२९ मा दर्ता भएको **प्रा.लि. नं. १२५४५२** को **ओम साई मौलाकालिका सिने आर्टस् प्रा. लि.** को मिति २०७९/१२/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गारेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गार्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गारीएको छ।

**लिक्विडेटर: जिवन कुमार थापा, इजाजतपत्र नं. ४२२**
**ठेगाना : डिल्लिबजार, काठमाडौं, फोन नं. ९८४१६९६९६६**

---

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/१२/१०**

यस शिसवारा सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको बृक्षारोपण सिसौ जातको बिभिन्न ग्रेडको गोलिया थान ४२० को १७२२.५८ घ.फि. र खयर जातको गोलिया थान २३७ को ३६८.५८ घ.फि.गोलिया काठ तथा बृक्षारोपण सिसौ जातको २.०० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ। पूर्ण ब्यहोराको सूचना यस समुहको सुचना पाटीमा टांस गरिएको छ।

**श्री शिसवारा सामुदायिक वन उपभोक्ता समूह**
**ठाकुरबाबा नगरपालिका–५ बनकट्टी बर्दिया**

---

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/१२/१०**

यस श्रीकृष्ण सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/०७९ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको साल जातको बिभिन्न ग्रेडको गोलिया थान ४१ को ८७७.४६ घ.फि., असना जातको बिभिन्न ग्रेडको गोलिया थान ४ को ४३.९७ घ.फि., जामुन जातको बिभिन्न ग्रेडको गोलिया थान ४ को ३६.९७ घ.फि.र कुसुम जातको गोलिया थान २ को १५.५५ घ.फि.गोलिया काठ तथा उपरोक्त जातहरूको २.०० चट्टा मिश्रीत दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ। पूर्ण ब्यहोराको सूचना यस समुहको सुचना पाटीमा टांस गरिएको छ।

**श्री श्रीकृष्ण सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका–४ सिमलपुर बर्दिया**

---

**प्रदेश सरकार**
**भैतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**

## पूर्वाधार विकास कार्यालय

**पाँचथर, फिदिम**
**कोशी प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०७९/१२/१०**

यस कार्यालयबाट मिति २०७९/१०/२७ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित (Single Stage Double Envelope) बोलपत्र आहवान सम्बन्धी सूचना अनुसार निर्धारित समय भित्र विद्युतीय खरिद प्रणाली (E-Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु खोलि प्राबिधिक प्रस्तावको मूल्यांकन गर्दा सफल भएका देहाय बमोजिमका बोलपत्रदाताको आर्थिक प्रस्ताव **मिति २०७९/१२/१७ गते दिनको १:००** बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | आयोजनाको नाम | प्राबिधिक प्रस्तावमा सफल भएका बोलपत्रदाता |
|---|---|---|
| IDO-PAN-NCB-BRIDGE-079/80-35 | Construction of Namdu Khola Arched RCC Bridge (Shivalaya-Ranitar-Lungruppa-Goruwale Road), Phidim Municipality- 01 & 07, Panchthar | M/S Sanjeev Nirman Sewa Pvt. Ltd., Phidim- 04, Panchthar |

**कार्यालय प्रमुख**

---


**कतारमा रोजगार** **1. GENERIC ENGINEERING TECHNOLOGIES AND CONTRACTING** पून:
पुर्व स्विकृति मिति: २०७९।०२।०३ चलानी नं. ६०१७९१३३ LT No. 262867 विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 100 | काममा दक्ष | 1000 | 36312 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 25 | | 1700 | 61730 | | | | | | | |

**2. GENERIC ENGINEERING TECHNOLOGIES AND CONTRACTING** पून:
पुर्व स्विकृति मिति: २०७८/04/01 चलानी नं. ६०१६०४१८ LT No.: 241579 विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 85 | काममा दक्ष | 1000 | 36312 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७९ चैत्र १७ गते (31 March 2023) हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला। लागत खर्च: नि:शुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 01-5915744



**कतारमा रोजगारको अवसर**

**Mannai Trading Co. WLL** Qatar, Doha

पुर्व स्वीकृति मिति:२०२१/११/१७, पुन: विज्ञापन स्वीकृति मिति: २०२३/०३/२३ पत्र संख्या: ०७९/८० चलानी नं.: ६०१६७८३१ LT No. 250916

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | सुविधा खाने | सुविधा बस्ने | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Store Keeper | 05 | सम्बन्धित काममा दक्ष | 2200 | ७५७२४ | कं. नि. अनुसार | ८ घण्टा | ६ दिन | कं. नि. अनुसार | छैन | छ | २ वर्ष | अन्तर्वार्ता |
| २. | Electric. Tech. | 01 | | 1400 | ४८१८८ | | | | | | | | |
| ३. | Machine Operator | 06 | | 2200 | ७५७२४ | | | | | | | | |
| ४. | Heavy Vehicle Driver | 01 | | 2200 | ७५७२४ | | | | | | | | |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले ब्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| नि:शुल्क | कामदार आफै | दिने कं. नि. अनुसार | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्यरुपमा लिनुहोला। (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। (५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को (१) एक प्रति आफुसंग राख्नुहोला। (६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला। छनौट भइ भिषा प्राप्त गरीसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा वापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ। **कुल लागत खर्च: नि:शुल्क**

**फाइनल अन्तर्वार्ता २०७९ चैत्र १७ गते (March 31, 2023) कम्पनीको कार्यालयमा हुनेछ।**

**अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.**
गणेश मार्ग, सुबिधानगर, तिनकुने, काठमाण्डौ,
फोन: ४१११५६०, फ्याक्स: ४१११६२३ Email: ars@arabrecruiting.com
श्रम इजाजत पत्र नं. ७३/०५२/०५३


---

# Devchuli Municipality

## Office of Municipal Executive

**Pragatinagar, Nawalparasi (East)**

## INVITATION FOR BIDS

**First Date of publication: 2079/12/10(2023-03-24)**

1. *Devchuli Municipality* invites bids under e-procurement system from eligible bidders for the construction of following works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of *Devchuli Municipality website:- Devchulimunicipality.gov.np* or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC ASIA BANK .Name of Office:DEVCHULI MUNICIPALITY
   Office Code no. Ga-1.1 Office Account no.: 0772050029165002
   Rajaswa (revenue) Shirshak . : Aantrik Rajshwa Khata
4. The name and identification details of the contract are as follows:

.

| Contract No. | Description of Works | Estimated Amount (Without VAT NRs). | Bid Security Amount (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time | Bid Document fee Non Refundable(NRs.) |
|---|---|---|---|---|---|---|
| DEV/NCB/WORKS/06/2079-080 | Sadak board Nepal antargat ka 4 khand sadak kalopatre marmat garne kary | 60,74,110 | 1,50,000 | 23rd March 2023,12:00 Hours NST | 23rd March 2023,13:00 Hours NST | 3000 |
| DEV/NCB/WORKS/07/2079-080 | Tulsi Bhandari ko ghar dekhi Safari marg kalopatre (Aspalt) nirman,,,Ward-01 | 40,53,461 | 1,00,000 | 23rd March 2023,12:00 Hours NST | 23rd March 2023,13:00 Hours NST | 3000 |

**CHIEF ADMINISTRATIVE OFFICER**

# गण्डकीमा पनि सत्ता फेरबदलको संकेत

■ रामबहादुर थापा



**गण्डकी–** राष्ट्रपति चुनावमा पुरानै गठबन्धन ब्युँतिएपछि गण्डकी प्रदेशमा पनि सत्ता समीकरण फेरिने संकेत देखिएको छ । गठबन्धनमा सामेल नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले नयाँ सरकार बनाउन आन्तरिक कसरत थालेका छन् ।

केन्द्रीय समीकरणमा आएको फेरबदलसँगै प्रदेश सरकार पनि फेरिने स्थिति बनेको हो । अहिले गण्डकी प्रदेशको सरकार नेकपा एमालेको नेतृत्वमा छ । माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टीको समर्थनमा गत पुस २५ गते एमालेका खगराज अधिकारी मुख्यमन्त्रीमा नियुक्त भएका थिए ।

कांग्रेसको गण्डकी प्रदेशसभा संसदीय दलका नेता सुरेन्द्र पाण्डेले माओवादी केन्द्रले मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिनासाथ नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्ने बताए । 'प्रदेश सरकारको नेतृत्व बाँडफाँटबारे गठबन्धन दलको शीर्ष तहमा छलफल भइरहेको छ, एक/दुई दिनभित्रैमा त्यसको टुंगो लाग्ला,' उनले भने, 'गण्डकीमा पनि माओवादीले सरकार छाडेर समर्थन फिर्ता लिएपछि संवैधानिक व्यवस्थाअनुसार अर्को सरकार बनाउने प्रक्रिया सुरु हुन्छ ।'

आठ प्रदेशसभा सदस्य (सभामुखसहित) रहेको माओवादी केन्द्रले समर्थन फिर्ता लिनासाथ अहिलेको सरकार अल्पमतमा पर्छ । सरकारलाई माओवादीसहित एमालेका २२ र राप्रपाका दुई प्रदेशसभा सदस्यको समर्थन छ । साठी सदस्यीय प्रदेशसभामा राप्रपाले मात्र समर्थन फिर्ता लिँदा पनि सरकारले बहुमत गुमाउँछ ।

संघ र अरु केही प्रदेश सरकारबाट हटेको राप्रपाले गण्डकीबाट भने अझै बाहिरिने निर्णय गरेको छैन । गण्डकी सरकारमा मुख्यमन्त्रीसहित एमालेका चार, माओवादी केन्द्रका दुई र राप्रपाका एक मन्त्री छन् ।

कांग्रेस संसदीय दलका नेता पाण्डेले आफूहरू माओवादी निर्णयको पर्खाइमा रहेको बताए । 'पहिले माओवादीले सरकार छोड्नुपर्‍यो, समर्थन फिर्ता लिनुपर्‍यो,' उनले भने, 'त्यसपछि मुख्यमन्त्रीसँग दुई वटा विकल्प बाँकी रहन्छन्, कि राजीनामा दिने नत्र ३० दिनभित्र विश्वासको मत लिनुपर्छ ।'

विश्वासको मत पाउन नसक्ने स्थितिमा मुख्यमन्त्रीले राजीनामामा दिनु उत्तम हुने नेता पाण्डेको भनाइ छ । राजीनामा नदिएको खण्डमा संवैधानिक व्यवस्थाअनुसार प्रक्रिया अघि बढ्ने उनले बताए । संविधानले नै एक महिनाभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था गरेपछि प्रदेशसभाको विशेष अधिवेशन डाक्नुको औचित्य नरहने नेता पाण्डेले उल्लेख गरे ।

प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री एवं माओवादी केन्द्रको संसदीय दलका नेता हरिबहादुर चुमानले केन्द्रमा सत्ता समीकरण फेरिएपछि त्यसको प्रभाव प्रदेशमा पनि स्वाभाविकरूपमा पर्ने बताए । 'संघ सरकारबाट हटे पनि प्रदेशबाट एमाले हटेको छैन, तर यो अवस्था अब धेरै दिन रहँदैन,' उनले भने, 'हामी पनि केन्द्रको निर्देशन कुरेर बसिरहेका छौं, माओवादीले मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएपछि स्वाभाविकरूपमा नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्छ ।'

नेता चुमानले दुई पटक एमाले र एक पटक कांग्रेसको नेतृत्वमा सरकार बनाउन माओवादीले भूमिका खेलेको भन्दै अबको मुख्यमन्त्रीमा आफूहरूको दाबी रहने बताए । ' माओवादीले मुख्यमन्त्री पाउनुपर्छ, यो स्वाभाविक दाबी हो, यसपालि कांग्रेसले हामीलाई सघाउनुपर्छ,' उनले भने, 'आलोपालो नेतृत्वमा जाँदा पछि कांग्रेसले पाउँछ, अहिले माओवादीलाई दिनुपर्छ ।'

गण्डकी प्रदेश सरकारको नेतृत्व लिने विषयमा प्रधानमन्त्री एवं पार्टी अध्यक्ष पुष्पकमल दाहालसँग भेटेर कुरा राखेको नेता चुमानले बताए । 'सरकारलाई विधि र प्रणालीमा चलाउन हामी सक्षम छौं, मुख्यमन्त्रीको नेतृत्व लिन म तयार छु,' उनले भने ।

उता नेपाली कांग्रेस पनि पहिले आफ्नै नेतृत्वमा सरकार बनाउने गृहकार्यमा रहेको छ । २७ सदस्यसहित कांग्रेस प्रदेशसभाको सबैभन्दा ठूलो दल हो । कांग्रेस संसदीय दलका नेता पाण्डेले गण्डकी प्रदेश सरकारको नेतृत्व कांग्रेसले नै गर्ने बताए । 'सरकारको नेतृत्व कांग्रेस र माओवादीले आलोपालो गर्ने गरी ठोस सहमति त भएको छैन, तर आलोपालो हुनसक्छ,' नेता पाण्डेले भने । उनले पहिलो चरणमा कांग्रेसले नै सरकारको नेतृत्व गर्छ र त्यसपछि माओवादी पार्टीसँग आलोपालोको सहमति हुनसक्छ ।

हालै सम्पन्न राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा गत मंसिरमा सम्पन्न भएको आमनिर्वाचनमा गठबन्धन गरेका दलहरूबीचको समीकरण ब्युँतिएपछि यसको प्रभाव संघीय सरकारमा परिसकेको छ । संघीय सरकारबाट एमाले बाहिरिएको छ भने नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादी सत्तारोहणको तयारीमा छन् । अब यसका प्रभाव देशका प्रदेश सरकारमा पनि पर्ने देखिएको छ । सोहीबमोजिम गण्डकी प्रदेश सरकारमा पनि परिवर्तनको संकेत देखिएको बताइएको छ । *रासस*

## को बन्दै छ...

(पृष्ठ १ बाट जारी)

निर्णय गर्नेछ ।

एआइजीमा पदोन्नति भएका किरण बज्राचार्य प्रहरी इतिहासमै पहिलोपटक प्रहरीको सर्वोच्च (महानिरीक्षक) पदको प्रतिस्पर्धी बन्ने महिला छन् । यसअघि अतिरिक्त महानिरीक्षकमा पुगे पनि पूजा सिंह भने महानिरीक्षकको प्रतिस्पर्धामा सामेल हुन पाएका थिएनन् ।

बज्राचार्यसँगै डिआइजीमा बढुवा भएका मीरा चौधरी, दुर्गा सिंह र किरण राणा एआइजी बढुवामा नै पछि परेकाले उनी महानिरीक्षकको प्रतिस्पर्धामा एक्लो महिलाका रूपमा प्रतिस्पर्धी हुने अवसर प्राप्त गरेकी हुन् । *रासस*

## राहदानी...

(पृष्ठ १ बाट जारी)

बिचौलियाले सेवाग्राहीसँग लिएको रकम ऊ एक्लैले खाँदैन । अनलाइन फाराम भर्ने साइबर स्टेसनदेखि व्यक्तिगत विवरण लिने, फोटो खिच्ने, पासपोर्ट वितरण गर्ने शाखा र विभागका महानिर्देशकसम्म केही हिस्सा पुग्ने बिचौलियाको काम गर्दै आएका एक व्यक्तिले बताए ।

प्रधानमन्त्री पुष्पकमल दाहालले कार्यभार सम्हालेलगत्तै पासपोर्टलगायत सेवा सहज बनाउने बताएका थिए । उनले त्यसमा सुधारका लागि पटक-पटक निर्देशन पनि दिइसकेका छन् । अझै पनि निर्देशन दिने क्रम र नागरिकलाई सहज सेवा दिने भाषण दिने क्रम चलिरहेकै छ । तर, पासपोर्ट लिन सर्वसाधारणले बेहोनुपर्ने सास्ती अझै हटेको छैन ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GRANDE FORESTA SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०८/२८ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०९ LT No :277723 चलानी नं. ६०१९३३२०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 7 | 0 | 1500 | ४४,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १७ गते (31st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 300/059/60

**TRANS WORLD Manpower CO.(P) Ltd.**

3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAMAL AL-TAWFEER TRADING COMPANY

पूर्व स्वीकृति मिति २०७९/१२/०९ LT. No. 283099 चलानी नं. ६०१९८६३४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Labour | 4 | 0 | 1000 | ३५,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १७ गते (31st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELITE ALUMINIUM PANEL SDN BHD

पुर्व स्वीकृति मिति : २०७९/१२/०९ LT. No. 283254 चलानी नं. 60198656

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Workers | 0 | 5 | 1500 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुर मिति: २०७९ चैत १७ गते (31th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३८/०७४/०७५

**S.And S.Human Resource Pvt. Ltd.**

Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELKAT ELECTRONICS (M) SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/१२/०८ LT. No. 282942 चलानी नं. :६०१९८५८७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 6 | 24 | 1500 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १७ गते (31st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२९८/७४/७५

**Shahi Global Careers Pvt. Ltd.**

Satdobato Chowk-15, Lalitpur, Nepal, Phone No : 01-15151025
E-mail: Shahigcareers@gmail.com,www.shahicareers.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VEGETABLES DISTRIBUTION TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०७९/११/२९ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०९ LT. No. 282449 चलानी नं. ६०१९७९६७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Loading Unloading Labour | 2 | 0 | 1000 | ३५,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १७ गते (31st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BURGAN COMPANY FOR WELL DRILLING, TRADING & MAINTENANCE K.S.C.

पूर्व स्वीकृति मिति २०७९/१२/०९ LT No.283346 चलानी नं. ६०१९८६३३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Heavy Driver | 30 | 0 | 180 | ७७,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 10 | 0 | 140 | ६०,३६५ | | | | | | | |
| 3 | Assistant Cook | 10 | 0 | 130 | ५६,०५५ | | | | | | | |
| 4 | Arabic Cook | 5 | 0 | 150 | ६४,६८० | | | | | | | |
| 5 | Kitchen Helper | 15 | 0 | 110 | ४७,४३० | | | | | | | |
| 6 | Laundry Man | 15 | 0 | 115 | ४९,५८५ | | | | | | | |
| 7 | Waiter | 10 | 0 | 115 | ४९,५८५ | | | | | | | |
| 8 | Helper | 15 | 0 | 100 | ४३,१२० | | | | | | | |
| 9 | Technician | 10 | 0 | 160 | ६८,९९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १७ गते (31st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**

श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



## देवचुली नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**नवलपरासी, (वर्दघाट सुस्तापूर्व)**

**गण्डकी प्रदेश, नेपाल**

### क्याटलग /ब्रोसर सपिङ् विधिबाट औषधीजन्य उपकरण खरिद सम्बन्धी सिलबन्दी प्रस्ताब आव्हानको सूचना

**प्रथम पटक प्रकाशन मिति:२०७९/१२/१०**

यस कार्यालयको लागी देहाय बमोजिमको औषधीजन्य उपकरण सार्बजनिक खरिद ऐन २०६३ पहिलो संशोधन २०७३ को दफा ८ को उपदफा १ क(८) तथा सार्बजनिक खरिद नियमावली २०६४(चौथो संशोधन) को नियम ३१ (ख) बमोजिम त्यस्ता औषधीजन्य उपकरण उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरू बीच प्रतिस्पर्धा गराउने(क्याटलोग सपिंङ्ग)विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख)को उपनियम२ अनुसार देहाय बमोजिम औषधीजन्य उपकरणको उत्पादक वा आधिकारिक बिक्रेताहरूबाट उक्त मेशिन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र,सो को नविकरण, स्थायी लेखानम्बर(PAN) तथा मूल्य अभिबृदि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० सम्मको कर चुक्ता गरेको प्रमाणपत्र,उक्त मेशिन सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्रहरूको प्रतिलिपी, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन,मूल्य, गुणस्तर तथा सुबिधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७औं दिन १२ बजेसम्म यस कार्यालयमा छुटाछुटै निबेदन दर्ता गराउन आव्हान गरिएको छ । दर्ता गरिएका सिलबन्दी प्रस्ताबहरू सोहि दिनको १४:०० बजे खोलिने छ । पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।

| सि.न. | ठेक्का न. | उपकरणको नाम | संक्षिप्त बिबरण | कैफियत |
|---|---|---|---|---|
| १ | 02-CL-2079/80 | 1.Fully automatic bio-chemistry analyzer<br>2.Florescence immunoassay analyzer<br>3.Patient monitor 5 parameter | As per hospital specification. | संक्षिप्त बिवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत टेक्निकल स्पेसिफिकेशन बमोजिम हुनेछ । |

**प्रमुख प्रशासकिय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## गैरनेपालीलाई नागरिकता दिलाउने गिरोहको चुनौती

गैरनेपालीलाई सक्कली नेपाली नागरिकता ! त्यसरी नागरिकता दिलाउन प्रतिव्यक्ति तीन लाखदेखि पाँच लाख रूपैयाँसम्म रकम असुली । सुन्दा अपत्यारिलो लाग्ने यस्तो घटना वास्तविकतामै भइरहेको खुलासा भएको छ । नागरिकता जस्तो संवेदनशील कागजात यसरी गैरनेपालीलाई दिलाउने कार्य हुनु अत्यन्त गम्भीर विषय हो। नेपाल प्रहरीका अनुसार नक्कली कागजात बुझाएर गैरनेपालीलाई सक्कली नागरिकता दिलाउन ठूलो गिरोह नै सक्रिय रहेको देखिन्छ। प्रहरीका अनुसार उक्त गिरोहले ५०० भन्दा बढी व्यक्तिलाई नागरिकता दिलाएको अनुमान छ।

एक समूहले नक्कली कागजात पेस गरेर तिब्बती शरणार्थीलाई सक्कली नागरिकता बनाएको प्रहरीले खुलासा गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार यसरी कीर्ते गरी नागरिकता निकाल्ने पाँच जनालाई पक्राउ गरी अनुसन्धान थालिएको छ। पक्राउ पर्नेमा जिल्ला प्रशासन कार्यालयमा क्यान्टिन चलाएर बस्ने व्यक्तिसमेत परेका छन्। उनीहरूलाई नागरिकता ऐन तथा लिखतसम्बन्धी कसूरमा आवश्यक कारबाहीका लागि बुधबार जिल्ला प्रहरी परिसर टेकु पठाइएको जानकारी दिइएको छ।

प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिएको जानकारीअनुसार उनीहरूको साथबाट नक्कली नागरिकता, विभिन्न शैक्षिक संस्थाको शैक्षिक प्रमाणपत्र, सवारी चालक अनुमतिपत्र, जन्म दर्ता, बसाइँसराइ, विवाह दर्ता, सम्बन्धविच्छेद, वडा कार्यालयको सिफारिसलगायतका महत्त्वपूर्ण अन्य विविध कागजात, कीर्ते गर्न प्रयोग हुने वडा कार्यालयको छाप तथा दस्तखत, नक्कली कागजात पेस गरी बनाइएको गैरनेपालीले प्राप्त गरेको सक्कलै नागरिकता बरामद गरिएको छ।

अवकाश प्राप्त गरेको शिक्षकको भूमिकासँगै उनले उमेरमा आफूभन्दा अग्रज कलाकार दयाहाङ राईको काकाको भूमिका निर्वाह गरे। चलचित्र बन्ने समयमा पात्रलाई निर्वाह गर्ने भूमिकाबारे विश्वास नभए पनि प्रदर्शनपश्चात् स्वाभाविक देखियो। 'चरित्र बाँच्ने कोसिस गर्छु। त्यहाँ म पात्र हुँ। त्यसैले मैले सहजै भूमिका स्वीकार्ने गर्छु', अभिनेता कार्कीले भने, 'प्राविधिक कठिनाइले गर्दा आफूले चाहेको चरित्र अझै पर्दामा ल्याउन सकेको छैन। दर्शक पनि विस्तारै कलाकारभन्दा पात्रसँग जोडिन थाल्नुभएको छ।'

उनले प्रदर्शनको क्रममा रहेको चलचित्र 'प्रसाद २' मा गाउँले बाबुरामको भूमिका निर्वाह गरेका छन्। 'प्रसाद' कै दोस्रो शृफ्ला भए पनि यसको कथावस्तु फरक रहेको कार्कीले जानकारी दिए। 'नामको विश्वास धान्ने काम गरेका छौँ। पहिलो शृफ्ला मन पराउनु भएकोलाई निराश बनाउने छैनौँ', उनले भने। जातीय विभेद र महिलामाथि हुने दुर्व्यवहार घटनामा आधारित चलचित्रलाई सुशील पौडेलले लेखेका हुन्। सुदर्शन थापाले निर्देशन गरेको चलचित्रमा केकी अधिकारी, अर्पण थापा, महेश त्रिपाठी, प्रकाश घिमिरे, कमलमणि नेपाललगायतको अभिनय रहेको छ।

# कालिप्रसाद साँझ हुँदै

■ प्रभाव संवाददाता



**काठमाडौं–** गायक तथा संगीतकार कालिप्रसाद बासकोटा सन् २०२३ कै पहिलो सांगीतिक कार्यक्रमका रूपमा 'स्पेसल नाइट विथ कालिप्रसाद बासकोटा'मा काठमाडौंका दर्शकमाझ गुन्जिने भएका छन्। पछिल्लो फिल्म 'फूलबारी'मा रहेको गीत 'माया रैछ र'मा स्वर दिएका कालिप्रसाद ठमेलको सञ्चय कोष चोकमा खुलेको नयाँ क्लब 'क्लब ओम्निया'मा आगामी चैत १७ गते अर्थात मार्च ३१ गते शुक्रबार गुन्जिन लागेका हुन्।

कार्यक्रममा कालिप्रसादले नयाँ व्याण्ड 'साथी भाइ'सँग लाइभ गीत गाउनेछन्। कन्सर्टमा कालिले 'अजम्बरी माया पिरती', 'निरा', 'ओखती', 'बाटुली', 'लप्पन छप्पन', 'इन्स्टाको फोटो' र 'पंक्षी' लगायतका लोकप्रिय गीत गाउनेछन्। उनले 'साथीभाइ' व्याण्डसँग 'माया रैछ र' गीत पनि पहिलोपटक लाइभ गाउनेछन्। कार्यक्रम पीभीइ नेटवर्कको प्रस्तुती र डेभिल्स ग्रुपको सहकार्यमा हुन लागेको हो। कार्यक्रमको टिकट आफ्नो टिकटडटकममा उपलब्ध छ।

गायक, गीतकार, संगीतकार कालिप्रसाद पछिल्लो समयमा विशेषत फिल्मी गीतमा रुचाइएका संगीतकारमा पर्छन्। यसबाहेक नेपाली सुगम संगीतमा पनि कालि रुचाइएका संगीतकारमा पर्छन्। कालि 'सा रे ग म प' तथा 'नेपाल आइडल सिजन १,२,३ का निर्णायक पनि हुन्। २० भन्दा बढी गीतको कम्पोज र प्रस्तुती दिएका कालिका गीत युट्युब च्यानलमा ३ सय ५० मिलियन प्लस स्ट्रिमिङ भएका छन्। कालिका गीतको स्ट्रिमिङ हेर्दा नेपाली संगीत उद्योगमा सर्वाधिक स्ट्रिमिङ हुने उत्कृष्ट तीन गायकमा उनी पर्दछन्।

## रंगशाला

**एसिसी प्रिमियर कप :**

# नेपालको पहिलो प्रतिद्वन्द्वी मलेसिया

■ प्रभाव संवाददाता




**काठमाडौं–** एसिसी पुरुष प्रिमियर कपको पहिलो खेलमा नेपालले वैशाख ५ गते मलेसियासँग खेल्ने भएको छ। एसियन क्रिकेट काउन्सिल(एसिसी) ले बिहीबार घोषणा गरेको खेल तालिका अनुसार उद्घाटन खेलमा नेपालले मलेसियालाई प्रतिद्वन्दी पाएको हो।

नेपालले टियु क्रिकेट मैदानमा मलेसियासँग खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ।

वैशाख ५ गतेबाट १८ गते सम्म संचालन हुने प्रतियोगिताका खेलहरू कीर्तिपुरस्थित टियु मैदान र मुलपानीमा रहेको क्रिकेट मैदानमा खेल संचालन हुनेछ। कुल २४ खेल हुने प्रतियोगिताको फाईनल खेल वैशाख १८ गते टियु मैदानमा आयोजना हुनेछ।

नेपालमा आयोजना हुने यस प्रतियोगितामा १० राष्ट्रको सहभागीता रहने छ। सहभागी १० राष्ट्रलाई दुई समूहमा विभाजन गरिएको छ।

समूह 'ए' मा आयोजक नेपाल सहित मलेसिया,साउदी अरेबिया, कतार र ओमान रहेका छन्। समूह 'बी' मा बहराइन, कुवेत, सिंगापुर, हङकङ र युएई रहेका छन्। हरेक समूहमा शीर्ष स्थानमा रहने दुई टोली सेमिफाइनल खेल्ने छन्। सेमिफाइनलका विजेता राष्ट्रले फाइनल खेल्ने छ।

फाइनलको विजेता टोली एसिया कपका लागि छनोट हुनेछ। एसिया कप आगामी सेप्टेम्बरमा आयोजना हुनेछ। यस्तै शीर्ष तीनमा रहने टोली एसिया इमर्जिङ कपका लागि छनोट हुनेछ।

# बागमती युथ क्लब क्वाटरफाइनलमा

■ प्रभाव संवाददाता

**धनगढी–** बागमती युथ क्लब सर्लाही मुख्यमन्त्री सुदूरपश्चिम खप्तड गोल्डकप अन्तराष्ट्रिय फुटबल प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेको छ। धनगढी रंगशालामा बिहीबार भएको उद्घाटन खेलमा विभागीय टिम एपीएफलाई १-० गोल अन्तरले हराउँदै बागमती युथ प्रतियोगिताको अन्तिम ८ मा प्रवेश गरेको हो। बागमतीको जितमा खेलको चौथो मिनेटमा अनिल राना मगरले विजयी गोल गरेका थिए। बागमतीले सेमिफाइनल प्रवेशका लागि मनाङ मर्स्याङ्दी क्लबसँग खेल्नेछ। सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री कमलबहादुर शाहले प्रतियोगिताको छैटौं संस्करणको उद्घाटन गरेका थिए। उनले सुदूरपश्चिम प्रदेश सरकार यस क्षेत्रको खेल विकासका लागि सधै सकारात्मक रहेको भन्दै प्रतियोगिताको सफलताको शुभकामना दिएका थिए।

सुदूरपश्चिम प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव दिपक बहादुर सिंहले प्रदेशको खेलकुद विकासका लागि सरकारले बजेटमा वृद्धि गर्नुपर्ने धारणा राखेका थिए।

उनले प्रदेशको खेलकुदमा लगानी गरेको खण्डमा यस क्षेत्रका खेलाडीले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा राम्रो नतिजा दिने दाबी गरे।

आयोजक सुदूरपश्चिम ११ स्पोर्टस क्लबका अध्यक्ष सुरेश हमालले प्रदेशको गौरवको रूपमा रहेको खप्तड गोल्डकप प्रतियोगिता आयोजनाका लागि सहयोग पुर्याउने प्रदेश सरकार सहित सम्पुर्ण नीजि र सरकारी निकायप्रति आभार प्रकट गरेका थिए। बिहीबार सुरु प्रतियोगिता चैत १८ गतेसम्म चल्नेछ। प्रतियोगितामा ६ ए डिभिजन, २ विदेशी र एक मोफसल र आयोजक गरि १० टिम सहभागी छन्। प्रतियोगिताको दोस्रो खेलमा शुक्रबार ए डिभिजन क्लब खुमलटार एफसी र एभिनिर एफसी क्यामरुनबीच प्रतिस्पर्धा हुनेछ। मोफसलको सर्वाधिक पुरस्कार राशीको प्रतियोगिताको विजेताले २१ लाख रूपैयाँ र उपविजेताले १० लाख रूपैयाँ प्राप्त गर्नेछन्। सुदूरपश्चिम प्रदेश सरकार मुख्य प्रबर्द्धक रहेको प्रतियोगितालाई सुदूरपश्चिम ११ स्पोर्टस क्लबले आयोजना गरेको हो।


मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक

**बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे सूचना**

प्रकाशित मितिः २०७९/१२/१०

यस मेलम्ची नगरपालिकाबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार e-bid मार्फत कार्यालयमा दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनोट भएको बोलपत्र दाता | कबोल रकम रु.(मु.अ.क.सहित) |
|---|---|---|---|---|
| 1 | MMSI/WORKS/ NCB/2079-80/23 | Shikharpur Pipalchaur Purano Sahakari Sadak Upgrading Work | M/S Kapil Nirman Sewa, Bhaktapur | NRs. 2512417.98 |
| 2 | MMSI/WORKS/ NCB/2079-80/29 | Construction of River Training Work at Melamchi- 10 | M/S Kapil Nirman Sewa, Bhaktapur | NRs. 3275091.20 |

प्रमुख प्रशासकीय अधिकृत



Halesi Tuwachung Municipality
**Office of the Municipal Executive**
Durchhim, Khotang
Koshi Province, Nepal

**Invitation of Electronic Bids**

**First Date of Publication: 2079/12/10 (2023-03-24)**

1. The Halesi Tuwachung Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding Procedure:

| S. N. | Contract ID No. | Name of Project | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| 1 | HTM/Goods/NCB-07/2079/080 | Procurement and Delivery Of ICT materials | 1,50,000.00/- (Validity 120 days) | 3000/- | 23-04-2023 12:00 | 23-04-2023 14:00 |

2. Bidder must submit tax clearance of FY: 2078/079
3. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Halesi Tuwachung Municipality, Durchhim, Khotang or PPMO'S website www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.

**Chief Administrative Officer**

# दक्षिण चीन सागरबाट युद्धपोत हटाउन अमेरिकालाई चीनको चेतावनी

**बेइजिङ–** चीनले अमेरिकालाई दक्षिण चीन सागरबाट सेना फर्काउन अमेरिकालाई चेतावनी दिएको छ । चिनियाँ जनमुक्ति सेनाले अमेरिकी युद्धपोतलाई दक्षिण चीन सागर छाड्न बिहीबार चेतावनी दिएको हो ।

जनमुक्ति सेनाले आफ्नो जलक्षेत्रमा अमेरिकी युद्धपोतलाई फेला पारेको जनाउँदै तत्काल फर्कन चेतावनी दिएको बेइजिङले बताएको छ । चीनले दक्षिण चीन सागरमा आफ्नो अधिकार दाबी गर्दै आएको छ । यद्यपि, चीनको उक्त दाबीमा कुनै कानुनी आधार नभएको निर्णय अन्तर्राष्ट्रिय अदालतले गरेको छ ।

फिलिपिन्स, भियतनाम, मलेसिया र ब्रुनाइले पनि दक्षिण सागरको पानीमा आफ्नो दाबी गरेका छन् भने अमेरिकाले अन्तर र्राष्ट्रिय जलक्षेत्रमा जहाज चलाउन पाउनुपर्ने सबैको नैसर्गिक अधिकार भएको बताउँदै आएको छ ।

चीन सरकारको अनुमतिविना चिनियाँ जलक्षेत्रमा गैरकानुनीरूपमा अमेरिकी युद्धपोत प्रवेश गरेर यस क्षेत्रको शान्ति र स्थायित्वमा खलल पुगेको जनमुक्ति सेनाले बताएको छ । यस सम्बन्धमा अमेरिकाले कुनै प्रतिक्रिया दिएको छैन । *रासस/एएफपी*

# मानहानीको अभियोगमा राहुल गान्धीलाई २ वर्ष जेल

**नयाँदिल्ली–** भारतीय कांग्रेसका नेता राहुल गान्धीलाई गुजरातको एक अदालतले मानहानी मुद्दामा दोषी ठहर गर्दै दुई वर्षको जेल सजाय सुनाएको छ ।

विपक्षी दलका नेता गान्धीले प्रधानमन्त्री नरेन्द्र मोदीको थरका बारेमा गरेको टिप्पणीले समस्त मोदी थर भएकाको मानहानी भएको ठहर गर्दै सुरतस्थित अदालतले बिहीबार उक्त आदेश गरेको हो । गान्धीले तत्काल जेल जानु पर्दैन किनकि उनलाई उक्त फैसलाविरुद्ध अपिल गर्ने ३० दिनको म्याद दिइएको छ ।

सन् २०१९ मा कर्नाटक राज्यको कोलारमा आयोजित चुनावी सभामा नेता गान्धीले ' चोर मोदीहरू' भनेका थिए । उनले भगौडा व्यापारी नीरब मोदी र ललित मोदीलाई लक्ष्य गर्दै त्यसो भनेका थिए । नेता गान्धीको उक्त अभिव्यक्तिले मोदी थर भएका सबैको मानहानी भएको जिकिर गर्दै भारतीय जनता पार्टी (भाजपा)का विधायक एवं गुजरात राज्यका पूर्वमन्त्री पूर्णेश मोदीले उनीविरुद्ध मुद्दा दायर गरेका थियो ।

अदालतको फैसला सुन्न नेता गान्धी सुरत अदालत पुगेका थिए । 'मेरो धर्म सत्य र अहिंसामा आधारित छ । मेरो भगवान् सत्य हो, अहिंसा यसलाई प्राप्त गर्ने माध्यम हो,' अदालतको आदेशपछि सामाजिक सञ्जालमा महात्मा गान्धीलाई उद्धृत गर्दै राहुल गान्धीले हिन्दीमा लखेका छन् ।

फैसला सुन्न बुधबार सुरत पुगेका नेता गान्धीलाई पार्टीका शीर्ष नेता तथा कार्यकर्ताले स्वागत गरेका थिए । पार्टीका समर्थकले सुरतका विभिन्न क्षेत्रमा गान्धीका पक्षमा प्रदर्शन गरेका छन् । प्रदर्शनकारीले ' भाजपाको तानाशाही अगाडि कांग्रेस नझुक्ने', 'राहुल गान्धी हिन्दुस्तानको सिंह हुनुहुन्छ' लेखिएका बोकेका 'प्लेकार्ड' बोकेका थिए ।

अदालतको फैसला सार्वजनिक हुनेबित्तिकै दिल्लीका मुख्यमन्त्री एवं आम आद्मी पार्टीका प्रमुख अरविन्द केजरीवालले नेता गान्धीको समर्थन गर्दै न्यायालयको निर्णयप्रति असहमति जनाएका छन् ।

'गैरभाजपा नेता तथा पार्टीलाई मुद्दा लगाएर हटाउने षडयन्त्र रचिएको छ । कांग्रेससँग हाम्रा मतभेद छ, तर राहुल गान्धीलाई मानहानीको मुद्दामा फसाउनु ठीक होइन । हामी अदालतको समर्थन गर्छौं तर यो निर्णयमा हामी असहमत छौं,' जनता र विपक्षी दलले प्रश्न गर्न पाउनुपर्ने तर्क गर्दै मुख्यमन्त्री केजरीवालले सामाजिक सञ्जाल ट्विटरमा लेखेका छन् । *रासस/पिटिआई*

# साउदी र इरानका विदेशमन्त्रीबीच फोनवार्ता

**रियाद–** साउदी अरब र इरानी विदेशमन्त्रीबीच टेलिफोन वार्ता भएको छ । वार्ताका क्रममा उनहरूले हालै भएको ऐतिहासिक द्विपक्षीय मेलमिलाप सम्झौता कार्यान्वयन गर्न शीघ्र भेट्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

साउदी अरबका विदेशमन्त्री राजकुमार फैसल बिन फरहानले होसेन अमिर-अब्दुल्लाहियानलाई फोन गरेर बिहीबारदेखि प्रारम्भ भएका पवित्र महिना रमजानको अवसरमा बधाई तथा शुभकामना आदानप्रदान गरेका साउदी विदेश मन्त्रालयले ट्विटरमा पोस्ट गरेको विज्ञप्तिमा जनाइएको छ ।

दुवै देशका विदेशमन्त्री आ-आफ्नो मुलुकमा एकअर्काका दूतावास र वाणिज्य दूतावास पुनः सञ्चालनको खाका तयार गर्न चाँडै द्विपक्षीय बैठक गर्न सहमत भएको विज्ञप्तिमा उल्लेख छ । इरान र साउदी अरबबीच सात वर्षदेखि चिसिएको एवं विच्छेद भएको सम्बन्ध चीनको मध्यस्थतामा यसै महिनाको १० तारिखदेखि पुनःस्थापित भएको हो ।

सिया धर्मगुरु निम्र अल-निम्रलाई साउदी अरबले फाँसी दिएपछि इरानी प्रदर्शनकारीहरूले सन् २०१६ तेहरानस्थित साउदी कूटनीतिक नियोगमा आक्रमण गरेका थिए । उक्त आक्रमणपछि रियादले तेहरानसँगको सम्बन्ध विच्छेद गरेको हो । दुवै क्षेत्रीय प्रतिद्वन्द्वीलाई सहकार्य र साझेदारीको बाटोमा ल्याएर चीनले विश्वव्यापी प्रशंसा पाएको छ ।

चीनको मध्यस्थतामा भएको तेहरान र रियादबीचको सम्झौताले शिया बहुल इरान र मुख्यतया सुन्नी मुस्लिम भएको साउदी अरबले दुई महिनाभित्र आफ्ना दूतावास पुनः खोल्ने तथा २० वर्ष अघि हस्ताक्षर गरिएका सुरक्षा र आर्थिक सहयोगसम्बन्धी सम्झौता कार्यान्वयन गर्ने अपेक्षा गरिएको छ ।

गत आइतबार एक इरानी अधिकारीले बताएअनुसार राष्ट्रपति इब्राहिम रायसीले राजा सलमानबाट साउदी भ्रमणको निमन्त्रणा प्राप्त भएको छ । यद्यपि, रियादले त्यो पुष्टि गर्न बाँकी छ । दुवै देशले शीर्ष कूटनीतिक तहमा बैठक गर्न सहमति जनाउँदै तीन वटा बैठक स्थानबारेसमेत सुझाव दिएका जनाइएको छ । *रासस/एएफपी*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF BANGLA MENS SALON.

पूर्व स्वीकृति मिति: २०७९/०७/१८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०९ | LT. No. 274924 | चलानी नं. ६०१९०५०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 1 | 0 | 2000 | ७३,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 1 | 0 | 2500 | ९१,४७० | | | | | | | |
| 3 | Executive Sales | 1 | 0 | 3000 | १०९,७६० | | | | | | | |
| 4 | Foreman | 3 | 0 | 2500 | ९१,४७० | | | | | | | |
| 5 | General Clean Worker | 2 | 0 | 1000 | ३६,५८५ | | | | | | | |
| 6 | Helper | 1 | 0 | 1000 | ३६,५८५ | | | | | | | |
| 7 | Labour | 9 | 0 | 1000 | ३६,५८५ | | | | | | | |
| 8 | Mens Barber | 3 | 0 | 1200 | ४३,९०५ | | | | | | | |
| 9 | Representative | 1 | 0 | 2500 | ९१,४७० | | | | | | | |
| 10 | Supervisor | 1 | 0 | 2500 | ९१,४७० | | | | | | | |

कम्पनी : DESH BANGLA CO.TRADING AND HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति: २०७९/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०९ | LT No :276984 | चलानी नं. ६०१९२५१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Director | 1 | 0 | 6500 | २३३,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 1 | 0 | 1500 | ५३,८६५ | | | | | | | |
| 3 | Manager | 1 | 0 | 5700 | २०४,६९५ | | | | | | | |
| 4 | Marketing | 1 | 0 | 3000 | १०७,७३५ | | | | | | | |
| 5 | Salesman | 1 | 0 | 1500 | ५३,८६५ | | | | | | | |
| 6 | Stores Manager | 1 | 0 | 5700 | २०४,६९५ | | | | | | | |
| 7 | Supervisior | 1 | 0 | 2500 | ८९,७८० | | | | | | | |
| 8 | Waiter | 1 | 0 | 1500 | ५३,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १७ गते (31st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LABAQA CO. FOR THE DELIVERY OF CONSUMER ORDERS

पूर्व स्वीकृति मिति २०७९/०७/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/०९ | LT. No. 274801 | चलानी नं. ६०१९०७६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Messenger | 1 | 0 | 135 | ५८,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १७ गते (31st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**

श्रम ईजाजत नं. २५८/०५८/०५९

Sinamangal -9 Kathmandu, Tel : 01- 4110082,
9808865846,9749-355730 Email: career ganapati@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELECTROLUX MAINTENANCE AND COMMERCIAL SERVICE

पूर्व स्वीकृति मिति : २०७९/१२/०९ | LT. No. 283209 | चलानी नं.६०१९८६३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 25 | 800 | २८,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १७ गते (31st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Fishtail Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. १२८६/०७४/०७५

Tokha, Samakhusi-29, Kathmandu, Nepal Tel : +977-1-4386382, 4389757, Mob: 9803003599
Email: hrfishtailoveraeas@gmail.com, Web: www.fishtailjobs.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ISSA NAFIE ISSA AL-SHAMMARI FAST FOOD RESTAURANT

पूर्व स्वीकृति मिति २०७९/१२/०८ | LT. No. :283204 | चलानी नं.६०१९८५९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload And Download Labor | 1 | 0 | 1200 | ४२,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १७ गते (31st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**

Govt. License 1553/079/80

Budhanilkantha-9, Kathmandu, BAGMATI, Contact: 9847416116
Email: hiringalfaraz@outlook.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RUKN AL MUSTORD TRADING SHOP

पूर्व स्वीकृति मिति:२०७९/१२/०९ | LT. No. 283283 | चलानी नं.६०१९८६२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rack Filler | 01 | 0 | 1000 | ३५,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १७ गते (31st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Amal Overseas Pvt. Ltd.**

Govt. License No. 1345/074/075

Samakhusi-26, Kathmandu, Nepal +977-1-4360015, 4366061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com
Website : alamaloverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLEAN PACKAGING COMPANY LTD

पूर्व स्वीकृति मिति: २०७८/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/१२/०९ | LT. No. 255678 | चलानी नं.६०१७२१९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plastic Bag Production Labour | 1 | 0 | 1000 | ३५,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १७ गते (31st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ARANIKO OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. 267/058/059

Kupondole (Opposite to Hotel Himalaya)
Kathmandu, Nepal.Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUN YEE MARKETING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/०२ | LT. No. 282747 | चलानी नं. ६०१९८६४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MR MEGA BEAN MARKETING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/०२ | LT. No. 282653 | चलानी नं. ६०१९८६४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 15 | 0 | 1500 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : EMBRACE INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०३/२४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०९ | LT. No. 266748 | चलानी नं. ६०१८२९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 99 | 0 | 1500 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १७ गते (31st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT LTD**

श्रम ईजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ILLUMINATED CROW CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/१०/०९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०९ | LT. No. 279951 | चलानी नं. ६०१९५४८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Electrician | 15 | 0 | 1600 | ५४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 15 | 0 | 1000 | ३४,३४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत १७ गते (31st Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रोजगारदाता आफैले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Advance Recruitment Service Pvt. Ltd.**

श्रम ईजाजत नं. ४४४/०६०/०६१

Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – १०९००० | प्रति तोला – १०८५०० | प्रति तोला – १३६०

## 'भौतिक पूर्वाधार क्षेत्रमा पर्याप्त लगानी आवश्यक'

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले विकास लागि भौतिक पूर्वाधार क्षेत्रमा पर्याप्त लगानी आवश्यक रहेको बताएका छन् ।

एसियाली तथा पश्चिम प्रशान्त क्षेत्रका निर्माण व्यवसायीहरूको अन्तर्राष्ट्रिय सङ्गठन (इफाप्का) र नेपाल निर्माण व्यवसायी महासङ्घले संयुक्तरूपमा आज राजधानीमा आयोजना गरेको अन्तर्क्रियामा उपप्रधानमन्त्री श्रेष्ठले नेपालको हकमा पूर्वाधारमा पर्याप्त लगानी नभएको धारणा राखे । पर्याप्त लगानीबाहेक निर्माण उद्योगमा गुणस्तरको अभाव तथा समयमा परियोजना नसकिने परिपाटी देखिएको उपप्रधानमन्त्री श्रेष्ठले बताए ।

'पूर्वाधारमा लगानी' विषयक अन्तर्क्रियामा उपप्रधानमन्त्री श्रेष्ठले परम्परागत शैलीमा काम गरेका कारण पनि नेपालको निर्माण उद्योगमा चुनौती थपिएकाले अब नयाँ शैलीमा काम गर्नुपर्ने धारणा व्यक्त गरे । निर्माणमैत्री ऐन, कानुन नहुँदा निर्माण उद्योगमा समस्या देखिएको स्वीकार गर्दै उनले समयसापेक्ष ऐन, कानुन बनाउन नेपाल निर्माण व्यवसायी महासङ्घजस्ता संस्थाको महत्वपूर्ण भूमिका रहने बताए ।

भौतिक पूर्वाधार तथा यातायातको क्षेत्रमा विकास गर्न आफूले विभिन्न कार्यदल गठन गरी काम थालिसकेको जानकारी गराउँदै उपप्रधानमन्त्री श्रेष्ठले आफू सबैसँग सहकार्य गर्न तयार रहेको प्रतिबद्धता जनाए । इफाप्काका अध्यक्षसमेत रहेका नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले नेपालमा मात्र नभएर विश्वभरि नै दिगो पूर्वाधार विकासको आवश्यकता बढ्दै गएको बताए ।

कमजोर वित्तीय अवस्था तथा प्रविधिका कारण नेपालजस्ता मुलुकलाई दिगो विकासको लक्ष्य हासिल गर्न कठिन भएको अध्यक्ष सिंहले बताए । इफाप्काका महासचिव पनि रहनुभएका नेपाल निर्माण व्यवसायी महासङ्घका सल्लाहकार वीरेन्द्रराज पाण्डेले इफाप्काको उद्देश्यमाथि प्रष्ट पार्दै ४६औं इफाप्का सम्मेलन आगामी मङ्सिर ४ देखि ८ सम्म काठमाडौंमा आयोजना गर्न लागिएको जानकारी दिए । इफाप्काका कार्यकारी निर्देशक लेभी भी एस पिरीतुले पूर्वाधारको क्षेत्रमा आ-आफ्नो अनुभव आदान-प्रदान गर्न यस्ता कार्यक्रम निकै उपयोगी हुने बताए । विश्व वन्यजन्तु कोष नेपालका डा घनश्याम गुरुङले नेपालमा द्रुतगतिमा पूर्वाधार निर्माण भइरहेको र यही बेला दिगो तथा गुणस्तरीय निर्माणमा ध्यान दिनुपर्ने उपयुक्त समय रहेको टिप्पणी गरे ।

कार्यक्रमका मुख्यवक्ता एसियाली विकास बैंक पूर्वउपाध्यक्ष डा विन्दुनाथ लोहनीले ठूलो आर्थिक वृद्धि चाहने हो भने पूर्वाधारमा गरिने लगानीमा पनि वृद्धि गर्नुपर्ने धारणा राखे । डा. लोहनीले अबको समयमा सहरी विकासलाई प्राथमिकता दिँदा हरित पूर्वाधार निर्माणमा ध्यान दिनुपर्ने बताए । नेपालका वाणिज्य बैंकले दीर्घकालसम्म लगानी गर्न नसक्ने भन्दै उनले विश्व बैंक, एसियाली विकास बैंक, पूर्वाधार विकास बैंकलगायतमार्फत लगानी ल्याउन फाइदाजनक हुने सुझाव दिए । सम्मेलनमा विज्ञहरूबीच सार्वजनिक-निजी साझेदारीको विविध आयाम, खरिद कानुन, इपिसी कन्ट्रयाक्ट, दिगो पूर्वाधारका सम्भावना र चुनौतीलगायतका विषयमा छलफल भएको थियो । इफाप्का बोर्ड सदस्य सुशीलकुमार श्रेष्ठले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिए ।

## बजार अनुगमन प्रभावकारी बनाउन प्रधानमन्त्रीको निर्देशन



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले आन्तरिक राजस्व कार्यालय, राजस्व अनुसन्धान विभाग र वाणिज्य विभागलाई संयुक्तरूपमा बजार अनुगमन प्रभावकारी बनाउन निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बिहीबार आयोजित छलफलमा प्रधानमन्त्रीले संयुक्तरूपमा बजार अनुगमन नगर्दासम्म परिणाम प्रभावकारी आउन नसक्ने बताएका हुन् ।

प्रधानमन्त्रीले भने, 'राजस्व छलि नियन्त्रणसम्बन्धी जति पनि नीतिगत व्यवस्था छन । ती सबैलाई प्रभावकारी रूपमा कार्यान्वयनमा लैजानुपर्दछ । बजारको सशक्त र प्रभावकारी अनुगमन गर्न आन्तरिक राजस्वकार्यालय, राजस्वअनुसन्धान विभाग र वाणिज्य विभागले संयुक्त रूपमा अनुगमन गर्नुहोस् ।'

उनले अवैध आयात नियन्त्रण गर्न राजस्व अनुसन्धान विभाग, सुरक्षा निकाय र स्थानीय प्रशासनले संयुक्त टोली परिचालन गर्न समेत निर्देशन दिए । 'कच्चापदार्थ र तयारी पदार्थ वा वस्तुको भन्सार दरमा कम्तीमा १० प्रतिशत फरक पर्ने गरी नीतिगत पुनरावलोकन गर्ने तयारी गर्नुस् । सबै सरकारी निकायले स्वदेशी उत्पादनलाई प्रयोग गर्नुपर्ने प्राथमिक नीति निर्धारण गर्नुस्', उनले भने ।

प्रधानमन्त्रीले आयातका लागि राष्ट्रिय मापदण्ड तयारी गरी वस्तुको गुणस्तरमा प्रभावकारिता ल्याउने वातावरण बनाउन निर्देशन दिए । उनले छलफल गर्ने, नीति बनाउने तर कार्यान्वयन नगर्ने परिस्थिति अब रहन नहुनेमा स्पष्ट पारे । अनुगमन सीमामा मात्र होइन, आन्तरिक बजारको पनि गर्ने गरी व्यवस्था मिलाउन उनको निर्देशन छ ।

छलफलमा अर्थसचिव तोयम राय, राजस्व सचिव रामप्रसाद घिमिरे, प्रधानमन्त्री कार्यालयका सचिव गणेशप्रसाद पाण्डे, आन्तरिक राजस्व विभागका महानिर्देशक दीर्घराज मैनाली, राजस्व अनुसन्धान विभागका महानिर्देशक नारायण सापकोटा, भन्सार विभागका महानिर्देशक चक्र बुढा, प्रधानमन्त्रीको सचिवालयका पदाधिकारी र व्यवसायी उपस्थित थिए । छलफलमा सहभागी व्यवसायीका प्रतिनिधिले आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्नेगरी सरकारले नीति, कार्यक्रम र कार्यान्वयनको पक्षमा ध्यान दिनुपर्ने बताएका थिए ।

## दोहोरो अंकले घट्यो नेप्से

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १८ दशमलव १५ अंकले ओरालो लागेर एक हजार नौ सय १५ दशमलब १४ मा सीमित भएको छ ।

यस्तै, ठूला कम्पनीको सेयर कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ९० अंकले ओरालो लागेर तीन सय ६१ दशमलब ०१ मा सीमित भएको छ । कारोबार भएका १३ वटै उपसमूहको सेयर मूल्य घटेको छ । विभिन्न कम्पनीका ४३ लाख ४० हजार दुई सय ७० कित्ता सेयर रु एक अर्ब ४१ करोड ३१ लाख ७२ हजार आठ सय दुई मूल्यमा खरिद बिक्री भएका छन् ।

कारोबार रकमका आधारमा एनआइसी एशिया बैंक शीर्ष स्थानमा छ । बैंकको रु २१ करोड ७४ लाख ६४ हजार आठ सय ६८ बराबरको कारोबार भएको छ । साथै सिद्धार्थ बैंकको रु आठ करोड ३५ लाख ७१ हजार नौ सय ३३, हिमालयन डिस्टिलरीको रु चार करोड ४५ लाख ६३ हजार चार सय ७७, नबिल बैंकको रु तीन करोड ८४ लाख ६९ हजार दुई सय ३८ र शिवम् सिमेन्टको रु तीन करोड ७१ लाख ३९ हजार छ सय ३२ बराबरको सेयर कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार माया खोला हाइड्रोपावर कम्पनीको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । एसियन हाइड्रोपावर नौ दशमलब ९७, सिद्धार्थ बैंक आठ दशमलब ३४, बोटलर्स नेपाल तराई, पाँच दशमलब २१ र लिवर्टी इनर्जीको चार दशमलब २६ प्रतिशतले सेयर मूल्य बढेको छ । त्यस्तै, युनिक नेपाल लघुवित्त सात दशमलब ४६, सिर्जनशील लघुवित्त छ दशमलब ८३, खप्तड लघुवित्त छ दशमलब शून्य दुई, शुभम पावर पाँच दशमलब ७४ र एनआइसी एसिया बैंकको सेयर मूल्य पाँच दशमलब १२ प्रतिशतले घटेको छ ।

## अझै अन्योलमै टीकापुर विमानस्थल

**कैलाली–** विकासका सवालमा बहस चल्दा सधैँ चर्चामा आउने कैलालीको टीकापुर विमानस्थल सञ्चालनका लागि धेरै बहस र छलफल भए । विमानस्थल सञ्चालनका लागि पटकपटक बहस र छलफल हुने गरे पनि यथास्थितिमा विमानस्थल सञ्चालनमा आउन नसक्ने स्थिति देखिएको छ । विकासको मुद्दामा बहस हुँदा कतै पनि छुट्दैन टीकापुर विमानस्थल । त्यतिमात्र होइन, राजनीतिक दलका नेतालाई नागरिकका अगाडि विमानस्थल मुद्दा बनेको छ । विशेषगरी निर्वाचनका समयमा विमानस्थललाई मुद्दा बनाउने गरिएको स्थानीय लक्ष्मण विक बताउँछन् ।



गत आर्थिक वर्षमा विमानस्थलका लागि रु दुई करोड बजेट विनियोजन गरेको भने पनि अहिले त्यो यथार्थ नभएको तथ्य खुलेको छ । नागरिक उ•यन प्राधिकरणले अहिलेकै अवस्थामा विमानस्थल सञ्चालन हुन नसक्ने बताएको छ । प्राधिकरणका इञ्जिनियर सत्यराम दुवालले टीकापुर विमानस्थलका नाममा अहिलेसम्म कुनै बजेट विनियोजन नभएको बताए ।

वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनको मिति नजिकिँदै जाँदा एकाएक डोजर विमानस्थलमा देखिएपछि त्यसको विरोधसमेत भएको थियो । 'टीकापुर विमानस्थलका लागि भनेर कुनै बजेट थिएन, देशभरका विमानस्थलको मर्मत सम्भारका लागि बजेट थियो, त्यसमध्ये केही बजेट विमानस्थलमा खर्च भएको थियो', इञ्जिनियर दुवाल भन्छन्, 'कसैले विमानस्थलका सञ्चालनका लागि शीर्षकमै बजेट विनियोजन गरेको भन्ने भ्रम सिर्जना गरेको भए त्यो गलत थियो ।'

उनले विमानस्थलको ग्राभेलको काम र भवन रङ्गरोगनका लागि रु एक लाख खर्च भएको बताए । उनका अनुसार चालू आवमा पनि विमानस्थलका लागि कुनै बजेट छैन । 'एकमुष्ट विमानस्थलको मर्मतसम्भारका लागि बजेट छ, त्यसमा टीकापुर विमानस्थल पनि परेको होला, नभए विमानस्थलका लागि छुट्टै बजेट छैन', उनले भने, 'बाहिर आउने कुराको विषयमा हामीलाई कुनै कुरा थाहा भएन ।'

अतिक्रमणमा परेको विमानस्थल खाली भएपछि त्यसको मर्मतसम्भार गरेर नागरिक उड्डयन प्राधिकरणका पुर्व वरिष्ठ अधिकृत योगेन्द्रराज शर्माले सानो जहाज परीक्षण गराएका थिए । त्यो नै टीकापुर विमानस्थलका लागि अन्तिम जहाज अवतरण भयो । अब यो क्षेत्रमा विमान अवतरण हुने सम्भावना निकै कम भएको वरिष्ठ अधिकृत शर्मा बताउँछन् ।

'उसो त टीकापुरमै विमानस्थल सञ्चालन हुनेमा निकै कम सम्भावना छ, त्यसमा पनि अहिलेको स्थानमा विमानस्थल सञ्चालन हुने सम्भावना नै छैन', शर्माले भने, 'जुन खड्ग स्मृति रङ्गशालाको जग्गालाई विमानस्थल बनाउने कुरा छ, त्यहाँ सम्भावना छ ।' उनले विमानस्थल सञ्चालनका लागि टीकापुरको स्थानीय सरकार, राजनीतिक दल, नागरिक अगुवाले साझा धारणाका साथ प्रस्तुत हुनुपर्ने बताए ।

'एउटा आउँछ, विमानस्थल यस्तो चाहियो भन्छ, अर्को आउँछ उसले पुरानो ठाउँमा विमानस्थल सार्नुपर्ने भन्छ, आपसमै कुरा मिल्दैन भने कसरी विमानस्थल बन्छ', उनी भन्छन्, 'सबैको समान धारणा बनाएर प्रस्तावित ठाउँमा विमानस्थल सञ्चालनका लागि दबाब दिन सकेपछि मात्रै सम्भावना देखिन्छ ।'

विसं २०७४ को स्थानीय तहको निर्वाचनपछि विमानस्थल सञ्चालनका लागि स्थानीय सरकारले पनि धेरैपटक सङ्घ सरकारसँग आग्रह गरेको टीकापुर नगरपालिकाका प्रमुख रामलाल डगौरा थारु बताउँछन् । 'विमानस्थल सञ्चालन हुनुपर्छ भनेर पटकपटक सङ्घीय सरकारसँग माग गर्दै आएका छौँ, सरकारले पनि सकारात्मक प्रतिक्रिया दिएको हुन्छ', नगर प्रमुख थारुले भने, 'हामीलाई भन्दा एक कार्यान्वयन गर्दा अर्को गरेको हो भने त्यो गम्भीर समीक्षाको विषय बन्न सक्छ, नभए विमानस्थल सञ्चालनमा आउँछ र आउनुपर्छ ।'

उनले पुरानो विमानस्थल सञ्चालन हुने स्थिति नभए नयाँ ठाउँमा काम अगाडि बढाउनुपर्ने बताए । विसं २०७६ मा टीकापुर उद्योग वाणिज्य सङ्घले आयोजना गरेको टीकापुर महोत्सवमा पनि तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईसँग टीकापुर विमानस्थल सञ्चालनको एक सुत्रीय माग राखेको थियो । त्यसपछि विमानस्थलको स्थलगत निरीक्षण तथा अध्ययन समितिले तीन पटक विमानस्थलको अध्ययन गरेको थियो । त्यो अध्ययनको प्रतिवेदन भने अझै सार्वजनिक हुन सकेको छैन । *रासस*

आगलागीबाट साबधानी अपनाऔं
◆ निम्न कारणबाट आगलागी हुनसक्छ,
◆ आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
◆ प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
◆ हुरी बतास चल्दा,
◆ प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
◆ चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।
त्यसैले, सचेत रहौं,
आगलागीबाट बचौं र बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ